अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७९।१२।२१ गते।

प्रेस विज्ञप्ति

विषयः अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०७९।१२।२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

देहायः

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	मु.नं. ०७५-cr-०१२३ दिलीप वहादुर कार्की, सरोज चन्द्र पण्डित, सुर्यदेव थापा क्षेत्री, योगेन्द्र मिश्र, श्याम वहादुर कार्की, शुसिल चन्द्र देवकोटा, कृष्ण प्रसाद सुवेदी, प्रेमराज घिमिरे, बीरसिंह धामी, प्रकाश वहादुर कार्की, मिनराज ढकाल, रविनाथ बावु श्रेष्ठ, आशिषभद्र खनाल, कमल प्रसाद रेग्मी, सर्वदेव प्रसाद र	**सिक्टा सिंचाइ आयोजनाको गुणस्तरहीन निर्माण कार्य गरी भ्रष्टाचार गरेको।**	सिक्टा सिँचाइ आयोजनाको मुलनहर भत्किएको,मुलनहर को डिजाइनमा नै त्रुटि रहेको, गुणस्तरहीन निर्माण कार्य गरी गराई भ्रष्टाचार गरेको भन्ने आरोपमा प्रतिवादीहरु दिलीप वहादुर कार्की, सरोज चन्द्र पण्डित, सुर्यदेव थापा क्षेत्री, योगेन्द्र मिश्र, श्याम वहादुर कार्की, शुसिल चन्द्र देवकोटा, कृष्ण प्रसाद सुवेदी, प्रेमराज घिमिरे, बीरसिंह धामी, प्रकाश वहादुर कार्की, मिनराज ढकाल, रविनाथ बावु श्रेष्ठ, आशिषभद्र खनाल, कमल प्रसाद रेग्मी, सर्वदेव प्रसाद र रमेश बस्नेतको उपर भ्रष्टाचार	फैसलाःप्रतिवादीहरुलाई सफाई। **विशेष अदालतले सफाई दिदा लिएका आधारः** क. सिक्टा सिचाई आयोजनाको SIP/MC/ICB/०२(१७+१७०००देखि ३५+०००) मूल नहरमा देखिएको समस्या डिजायनमा त्रुटि वा नहर निर्माणमा संलग्न प्रतिवादीहरूको लापरवाही वा बदनियतका कारणले भएको नभई उक्त क्षेत्रमा रहेको घुलनशील माटोको कारणले भएको भन्ने सम्बन्धित बिषयका विज्ञहरूको स्थलगत अध्ययन प्रतिवेदनहरू र निजहरूले अदालतमा गरेको वकपत्र समेतबाट देखियो। ख. उक्त नहरको संभाव्यता अध्ययन गर्दा, डिजायन गर्दा, सम्झौता गर्दा वा नहर निर्माण गर्दाको समयसम्म प्रतिवादीहरूलाई घुलनशिल माटोको बारेमा थाहा जानकारी भएको वा जानकारी हुनसक्ने अवस्था नदेखिई नहरमा पहिलो पटक क्षति पुगेपछि २०१६ डिसेम्वरमा क्षतिग्रस्त स्थानको माटो परीक्षण गराउँदा मात्र केही स्थानमा घुलनशील माटो भएको	क. प्रस्तुत मुद्दामा प्रतिवादीहरुलाइ आरोपदावीबाट सफाई पाउने मिति २०७९।०३।०५ मा फैसला भएकोमा सम्मानित बिशेष अदालतवाट सिक्टा सिंचाइ आयोजनाको मुल नहरको संभाव्यता अध्ययन गर्दा ,डिजायन गर्दा ,सम्झौता गर्दा वा नहर निर्माण गर्दाको समयसम्म प्रतिवादीहरूलाई घुलनशिल माटोको बारेमा थाहा जानकारी भएको वा जानकारी हुनसक्ने अवस्था नदेखिई नहरमा पहिलो पटक क्षति पुगेपछि २०१६ डिसेम्वरमा क्षतिग्रस्त स्थानको माटो परीक्षण गराउँदा मात्र केही स्थानमा घुलनशील माटो भएको भन्ने प्रयोगशालाले दिएको प्रतिवेदनबाट देखियो भन्ने आधारमा प्रतिवादीहरुलाइ कसुरवाट सफाइ दिएको आधारका सम्वन्धमा मिसिल संलग्न आधार प्रमाणहरुको बिश्लेषण गर्दा सिक्टा सिंचाइ आयोजनाको सम्बन्धमा Lahmeyer International GMBH ले August 1980 मा पेश गरेको Feasibility Study Report मा Main Canal को माटोको सम्बन्धमा SIP/MC/ICB/02 (१७+७००देखि ३५+०००) मा पर्ने भागको सन्दर्भमा प्रतिवेदनको पेज नं.VII - 11 को Section between the Parwa Sota and Dunduwa Khola Tributaries शिर्षकमा Lining required since भनी The permeability of the sandy silt (10-4 cm/s) is too high to tolerate seepage losses and the sandy soil is so highly erodible that within a short time the canal would be destroyed by the flow of water into the canal भन्ने समेतको व्यहोराहरु उल्लेख भएको तथा आयोजनाको सम्बन्धमा सिचाइ बिभागले April 2004 मा तयार गरेको Feasibility Study को Main Report मा समेत Main Canal को SIP/MC/ICB/02(१७+७००देखि ३५+०००)मा पर्ने भागको माटोको सन्दर्भमा प्रतिवेदनको पेज नं.६२ को **Topography and Land Systems along the Main Canal Alignment** शिर्षकमा From the Paruwa Khola at chainage 20+600 onwards upto the Dunduwa River at chainage 35+600the canal traverses a highly dissected alluvial fans with a loamy soil top layer and substratum of highly compacted silt and loam soils. These soils have variable calcium content and are subject to leaching. Because of the dissected nature of topography in this reach deep cuts upto 17 m will be required for canal excavation alternated with canal sections constructed in fill. Although the compacted loamy and silt soils are stable for excavation, the probability of leaching will require protection of slope in deep cuts भन्ने समेतको व्यहोराहरु उल्लेख भएकोमा उपरोक्त Feasibility Study Report को आधारमा Detail Study गरी नहरको डिजाइन गर्नु पर्नेमा गरेको देखिदैन । उक्त स्थानको माटो कमजोर तथा तटवन्ध निर्माणका लागि जोखिमयुक्त भएको भन्ने उल्लेखित प्रतिवेदनहरुमा स्पष्ट रुपमा लेखिएको अवस्था छ । उल्लेखित

	रमेश बस्नेत तथा प्रतिवादीहरु बिक्रम पाण्डे,युवबहादुर क्षेत्री, उद्दवराज चौलागाईं, हेमनीधि शर्मा, र अरुण कुमार चौधरी		निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३)बमोजिम सजायँ हुन तथा प्रतिवादीहरु बिक्रम पाण्डे,युवबहादुर क्षेत्री, उद्दवराज चौलागाईं, हेमनीधि शर्मा, र अरुण कुमार चौधरी हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र प्रतिवादीहरु बिक्रम पाण्डे तथा उद्दवराज चौलागाईंका हकमा ऐ. ऐनको दफा २३ बमोजिम समेत सजायँ हुन मागदावी लिई	भन्ने प्रयोगशालाले दिएको प्रतिवेदनबाट देखियो। ग. आयोजना शुरू हुनु पुर्वका कुनै पनि स्वदेशी वा विदेशी विज्ञहरूबाट भएका संभाव्यता अध्ययन प्रतिवेदन, सर्भे, डिजायन, प्राविधिक प्रतिवेदनहरूमा समेत उक्त क्षेत्रमा घुलनशील माटो रहेको भन्ने उल्लेख भएको देखिएन। घ. यस अदालतको मिति २०७७।११।४ को आदेशानुसार जलस्रोत तथा सिंचाइ विभागका उपमहानिर्देशक प्रदिप थापाको संयोजकत्वको प्राविधिक समितिले मिति २०७७।१२।६ मा पेश गरेको प्रतिवेदनमा क्षतिग्रस्त नहर मर्मत पश्चात पूर्ण क्षमतामा सञ्चालनमा रहेको भन्ने उल्लेख भएको देखियो। ङ. निर्माण स्थलमा रहेको Dispersive soil का कारण नहरमा क्षति पुग्न गएको हो भन्ने कुरा यस आयोजनाका सम्बन्धमा अध्ययन गर्ने, प्रतिवेदन दिने विज्ञहरुले यस अदालतमा उपस्थित भई वकपत्र गरेका । च. सम्झौतापत्रमा उल्लिखित माटोको Particle Size, Atterberg's Limits, Moisture Density Relationships Source Natural Moisture Content and Field Density बाट माटोको यो	Feasibility Study Report हरुमा औंल्याइएका माटोको गुणहरुको सम्बन्धमा बिभागीय दस्तावेजमा उल्लेख भएको कुरा थाहा भएर नै प्रस्तुत नहरको डिजाइन लागत स्टमेट तथा निर्माणमा Concrete Lining सहित नहर निर्माण गरिएको स्पष्ट देखिन्छ । हाल आएर घुलनसिल माटो थियो भनि पन्छने हो भने Concrete Lining गर्नु पर्ने औचित्य समेत पुष्टि हुने देखिदैन । अत उल्लेखीत प्रमाणको बिश्लेषण नै नगरी प्रतिवादीहरुलाइ सफाइ दिने गरी भएको फैसला प्रमाण बिश्लेषणको रोहमा त्रुटीपुर्ण रहेको छ । ख. Dispersive Soil को सम्बन्धमा नेपालमा पहिलो पटक माटो जाँच भएको र पत्ता लागेको हो भन्ने विज्ञहरुको भनाई रहेको देखियो भन्ने अर्को आधार लिइ प्रतिवादीहरुलाइ कसुरवाट सफाइ दिएको आधारलाइ बिश्लेषण गर्दा घुलनशील माटो नेपालमा पहिलो पटक पत्ता लागेको भनि अनुसन्धानका क्रममा बुझिएका बिभिन्न व्यक्तिहरुले अदालतमा बकपत्र गर्दा तथा अनुसन्धानको क्रममा बयान कागज भएका सिचाइ बिभागका बिभिन्न कर्मचारीहरुले अदालतको आदेश बमोजिम पेश भएको प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । तर Lahmeyer International GMBH ले August 1980 मा पेश गरेको Feasibility Study Report, सिचाइ बिभागले April 2004 मा तयार गरेको Feasibility Study को Main Report (माथि प्रकरण ४(क) मा उल्लेखित) लगायत Geotechnical and Associates PVT.Ltd. Bokhundole, Lalitpur, Nepal ले December, 2016 मा माटोको परीक्षण प्रतिवेदन समेत संलग्न गरी पेश गरेको प्रतिवेदनमा According to double hydrometer test method the soils on Sikta Irrigation Project of the main canal site chainage 17+700 and 35+000 is made of intermidate to highly dispersive clay. As discussed earlier, construction in this type of soil leads to leakage/seepage and piping, resulting in failure भन्ने समेत व्यहोराहरु उल्लेख भएको पाइन्छ। यस्तै सिंचाइ विभागका उपमहानिर्देशक कृष्ण बेल्बासेको नेतृत्वमा गठित समितिले २०७३/११/२६ गते सिंचाइ मन्त्रालयमा पेश गरेको प्रतिवेदनमा दायाँ मूलनहरको चेनेज १७+७०० देखि ३५+००० सम्मको अधिकांश भाग Deep cutting मा तथा बालापुर, ढकेरी, चटार आदि गाउँहरुको आसपास High filling मा भएको र Alignment को अधिकांश भागको माटो घुलनशील (Dispersive) भएको, भत्किएको भाग High filling मा रहेको र पानी सञ्चालनको क्रममा Canal section बाट पानी Seepage भई त्यहाँको घुलनशील माटो पानीमा मिसिएर माटो सहितको पानी नजिकैको Wing wall छेउबाट निस्किएर नहर भत्किएको, गहिरो Cutting भएको केही स्थानहरुमा अग्लो स्थानमा रहेको वर्षातको पानी चुहिएर तल नहरको पिंधमा निक्लने क्रममा नहरको लाईनिङ्ग तथा नहर नै भत्किन गएको भन्ने समेत व्यहोराहरु उल्लेख भएको पाइन्छ । यसैगरी सिंचाइ मन्त्रालयका सहसचिव सागर कुमार राईको नेतृत्वमा गठित समितिले २०७३/४/२६ गते सिंचाइ मन्त्रालयमा पेश गरेको प्रतिवेदनमा समेत Joint को Water seal हरु Water tight नभै तथा Loose भै पानी चुहावट (Leakage) भएको, Filling गरेको माटो (Support) बग्नु मूल नहरमा Filling गरेको माटो Silty and dispersive type को भएकोले

			प्रतिवादीहरु उपर आरोप-पत्र दायर गरिएकोमा विशेष अदालतबाट प्रतिवादीहरुलाइ कसुरको आरोपदावीबाट सफाई पाउने गरि फैसला भएको अवस्था छ।	गुणस्तर पत्ता लगाउन सकिँदैन। आयोजनाहरुमा सामान्यतया यीनै ५ किसिमका माटो जाँच गरिन्छ। Dispersive Soil को सम्बन्धमा नेपालमा पहिलो पटक माटो जाँच भएको र पत्ता लागेको हो भन्ने विज्ञहरुको भनाई रहेको देखियो। छ. मिसिल संलग्न प्रमाणहरुबाट माटोमा रहेको बिध्यमान गुणस्तर ठेक्का सम्झौता गर्दा कै अवस्थामा थाहा थियो वा थाहा पाउन सक्ने अवस्था थियो तर प्रतिवादीहरुले त्यसलाई वेवास्ता गरेको भन्ने देखिदैन ज. प्रतिवादीहरुले एक-आपसमा मिलेमत्तो गरी आफुहरुलाई फाइदा र नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने बदनियतले कमजोर तथा गुणस्तरहिन नहरको डिजाइन तथा निर्माण गरी भष्ट्राचार गरेको भन्ने आरोपदावी बस्तुनिष्ठ प्रमाणहरुबाट पुष्टी हुन नसकेको।	माटो भित्र पानी चुहावट हुँदा र नहरमा पानीको बहाव बढ्दै जाँदा Pipingको प्रक्रिया बढ्न गएको तथा छिरेको पानीले Turbulent Flow (High velocity) को रुप लिई उक्त नहरमा Filling गरेको माटो समेत पानी सँगै बाहिर बगेर गएको भन्ने समेत व्यहोराहरु उल्लेख भएको पाइन्छ । यस्तै मिति २०७४।०७।१३ मा निरीक्षण गरी सि.डि.ई. कुसाङ्ग शेर्पा समेतले पेश गरेको प्रतिवेदनमा नहरको Alignment मा सदियौँदेखि त्यस प्रकारको माटो रहेको र वरपर समेत त्यस प्रकारको साना साना घुलनशिल माटोका थुम्बाहरु देख्न सकिने हुदा नहर डिजाइनको बखत नै यसको जोखिम पहिचान गरेको नदेखिएको तथ्य औंल्याएको छ । ग. यसरी एकातर्फ अदालतको फैसला जस्तो Dispersive Soil जाँच नै नेपालमा पहिलो पटक भएको तथा सो जाच गर्ने बिज्ञता भएको जनशक्ति नेपालमा नै नरहेको अवस्था होइन भन्ने देखिन्छ । तसर्थ आयोजनाको संभाव्यता अध्ययन गर्दानै माटो परिक्षण बिषय यकिन गरी नेपालमै परिक्षण हुन सक्ने बिधिहरुवाट संभाव्यता अध्ययनकै चरण अथवा निर्माणको चरणमा नहर निर्माणमा Dispersive Soil पहिचान गरी त्यस किसिमको माटोले धान्न सक्ने गरी नहरको डिजाइन तथा निर्माण बिधिमा सुधार गरी माटोको प्रकृति अनुसार बैकल्पीक डिजाइनको संरचना बनाउन सकिने तथा नहर निर्माणको क्रममा Canal Section मा Water Tight गरी पानी चुहावट(Leckage) नहुने गरी बनाउन सकिने अवस्था हुँदा हुँदै गैरजिम्मेवारपुर्ण ढंगले ईन्जिनियरिङ पेशागत मूल्य मान्यता बिपरित डिजाइन र निर्माण हचुवाको भरमा गरी Detail Project Report समेत नवनाइ हतारमा ठेक्का सम्झौता गरी संम्झौता बमोजिमको निर्माणको काम समेत Concrete Lining मा कमजोर Join हुने गरी निर्माण गरी पानी चुहावट भइ नहर भत्कन गइ नेपाल सरकारको अरवौंको लगानी हानीनोक्नी पारेको पुष्टि भइरहेकोमा घुलनशील माटोको नेपालमा यस अघि कतै पनि नभेटिएको भन्ने मनोगत आधार लिइ तथा घुलनसील माटोको कारणले नहरमा क्षती पुगेको भन्ने आधारको रुपमा स्वार्थको द्वन्द (Conflict of Interest) मा रहेका जुन निकायका कर्मचारीहरुलाइ संकितको रुपमा आयोगले वयान कागज गराएको थियो सो निकाय (आयोजनाको सुपरीवेक्षणको जिम्मेवारी रहेका सिचाँइ मन्त्रालय, सिचाँइ बिभागका तथा सिक्टा सिँचाइ आयोजना) का बर्तमान कर्मचारी अर्थात मुद्दामा प्रतिवादी कायम गरीएका कर्मचारीहरुका सहकर्मीहरु संलग्न समिति गठन भइ निजहरुको प्रतिवेदनलाइ आधार लिइ तथा संकितको रुपमा आयोगले बयान गराएका कतिपय कर्मचारीहरुका आधारहिन बकपत्रका व्यहोरालाइ आधार लिइ तथा पुर्वाधार निर्माणमा माटो सम्वन्धी (Geotechnics) अध्ययन हुने बिश्वविद्यालहरु तथा अनुसन्धान केन्द्रहरुका स्वतन्त्र बिशेषज्ञहरुसँग नवुझि, त्यस्ता स्वतन्त्र बिज्ञ संलग्न समितिवाट जाँचबुझ नगराइ तथा स्वदेशी विदेशी विज्ञहरूबाट भएका संभाव्यता अध्ययन प्रतिवेदनहरुलाइ वेवास्था गरी, त्यस्ता प्रतिवेदनलाइ प्रमाणको रुपमा ग्रहण नगरी प्रतिवादीहरुलाइ सफाइ दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको छ । घ. अनुसन्धानको क्रममा Contract Document मा राखिएको Soil Test का प्रावधानहरु प्रयास छन् छैनन्, भएका Test हरु गर्न अनिवार्य छ छैन भन्ने सम्बन्धमा सम्बन्धित विषयका विज्ञहरु

					Dr. Bishwa R.S. Shahi र Dr. Indra P. Acharya ले पेश गरेको प्रतिवेदनमा ठेक्का सम्झौता सम्बन्धी कागजातमा गुणस्तर निर्धारणको लागि राखिएका उल्लेखित Test हरु आवश्यक र अनिवार्य गर्नु पर्ने देखियो तर पर्याप्त देखिएनन्, उल्लेख गरिएका Test हरुका अलवा Geotechnical Test हरु; CBR, Cohesion, Angle of internal friction को Test नगर्दा सम्म Canal Embankment को गुणस्तर यकिन गर्न सकिने अवस्था देखिएन, ठेक्का सम्झौता सम्बन्धी कागजातमा Soil को grading तथा Plasticity Index को अधिकतम र न्यूनतम Value उल्लेख गरिनु जरुरी देखियो, साथै Canal Embankment बाट पानी कति Seepage हुन्छ भनी यकिन गर्न Compacted material को Permeability Test तथा Embankment को Safe Slope थाहा पाउनको लागि Slope stability analysis समेत गर्नु पर्ने देखियो, तर सिक्टा सिंचाइ योजनामा Geotechnical Test हरु; CBR, Cohesion, Angle of internal friction तथा Permeability Test र Slope stability analysis को प्रावधान ठेक्का सम्झौता सम्बन्धी कागजातमा नै उल्लेख गरिएको देखिएन साथै Soil को grading तथा Plasticity Index को उपयुक्त अधिकतम र न्यूनतम Value समेत उल्लेख गरिएको देखिएन। अतः सिक्टा सिंचाइ योजनाको डिजाइन तथा बोलपत्र सम्बन्धी कागजात तयार गर्दाको समयमा Canal Embankment को गुणस्तर निर्धारण सम्बन्धी प्रावधानमा त्रुटी भएको देखियो भन्ने समेत व्यहोराहरु खुलाई विषय विज्ञहरुले दिएको राय प्रतिवेदन समेतबाट सिक्टा सिंचाइ आयोजना कार्यालयबाट तयार पारिएको Soil को गुणस्तर Test सम्बन्धी Contract Document को प्रावधानमा त्रुटी देखिएको छ भने उल्लेखित त्रुटिपूर्ण प्रावधानहरु नहर निर्माणस्थलको Detail Engineering Study नगरी नगराई Feasibility Study Report ले औंल्याएका माटोको गुणस्तर सम्बन्धी कुराहरुलाई समेत नहेरी नपढी हचुवाको भरमा सिक्टा सिंचाइ आयोजनाको Contract Document तयार पार्ने कार्यहरु गरिएको र उक्त कार्यमा प्रत्यक्ष रुपमा संलग्न देखिएका प्राविधिक कर्मचारीहरुबाट कोही कसै सँग राय परामर्श नगरी विज्ञहरु सँग नबुझी जानी जानी बदनियतका साथ अनिवार्य रुपमा गरिनुपर्ने Soil Test सम्बन्धी प्रावधानहरु Contract Document मा नराखि बदनियतसाथ ठेक्का सम्झौता तथा निर्माण कार्य अघि बढाएको पुष्टी भइरहेकोमा प्रतिवादीहरुलाइ सफाइ दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको छ । **ङ.** सम्झौतापत्रमा उल्लिखित माटोको Particle Size, Atterberg's Limits, Moisture Density Relationships Source Natural Moisture Content and Field Density बाट माटोको यो गुणस्तर पत्ता लगाउन सकिँदैन भन्ने अदालतको फैसलमा उल्लेख भएको पाइन्छ। Dispersive Soil को सम्बन्धमा नेपालमा पहिलो पटक माटो जाँच भएको र पत्ता लागेको हो भन्ने विज्ञहरुको भनाई रहेको देखियो भन्ने आधारमा प्रतिवादीहरुलाइ सफाइ दिएको आधार बिश्लेषण गर्दा सिक्टा सिंचाइ आयोजनाको Contract No SIP/MC/ICB-02 को कार्यक्षेत्र पश्चिम मूल नहरको CH 17+700 to 35+000 अन्तर्गत निर्मित नहर रहेको बिभिन्न स्थानहरुमा नहर भत्केको स्थलहरुको अनुगमन गरी मुचुल्का सहीत उठाई ल्याइएको नमुना माटोलाई बिभिन्न lab हरुमा गुणस्तर

					परीक्षणको लागि पठाईएको, आयोगको च.नं. ६६ मिति २०७५/०६/११ को पत्रसाथ परीक्षण गर्न विश्व कन्सल्ट प्रा.लि. नेपालमा पठाईएकोमा उक्त प्रा.लि.बाट प्राप्त परीक्षण रिर्पोटमा माटोको Atterbergs limit's test अन्तर्गत चेनेज २१+०५० को Sample को लागि Plisticity index शुन्य देखिएको (NL, NP) तथा चेनेज २२+ ७४० को Sample को लागि Plisticity index एक दम न्युन देखिएको (६.०४)पाईयो। त्यसै गरी California Bearing Ratio Test अन्तर्गत चेनेज २१+०५० को Sample को लागि CBR Value - Soaked अत्यन्त न्यून (3.17 %) तथा चेनेज २२+ ७४० को Sample को लागि CBR Value - Soaked अत्यन्त न्यून (2.96 %) भएको पाईयो। साथै Direct Shear Test अन्तर्गत चेनेज २१+०५० को Sample को लागि Cohesion 7 KN/mm² र Angle of Internal Friction 25 Degree तथा चेनेज २२+७४० को Sample को लागि Cohesion 8 KN/mm² र Angle of Internal Friction 24 Degree रहेको देखिन्छ । त्यसै गरी स्थलगत अनुगमनबाट उठाई ल्याइएको नमुना माटोलाई आयोगको च.नं. ३० मिति २०७५/०५/०५ को पत्रसाथ परीक्षण गर्न नेपाल विद्युत प्राधिकरण, इन्जिनियरिङ सेवा निर्देशनालय, माटो, ढुङ्गा तथा कंक्रिट प्रयोगशालामा पठाईएकोमा उक्त प्रयोगशालाबाट च.नं. १७० मिति २०७५/५/१८ को पत्र साथ प्राप्त परीक्षण रिर्पोटमा माटोको Atterbergs limit's test अन्तर्गत चेनेज २२+७४० को Sample को लागि Plisticity index एक दम न्युन (२.२५) तथा चेनेज २३+ १०० को Sample को लागि Plisticity index शुन्य देखिएको (NL, NP) भएको पाईयो। त्यसै गरी California Bearing Ratio Test अन्तर्गत चेनेज २२+७४० को Sample को लागि CBR Value - Soaked अत्यन्त न्यून (3.53 %) भएको पाईयो। यस्तै स्थलगत अनुगमनबाट उठाई ल्याइएको नमुना माटोलाई आयोगको पत्रसाथ परीक्षण गर्न इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पसको प्रयोगशालामा पठाइएकोमा सो प्रयोगशालाबाट च.नं. ११६ मिति २०७५/५/१९ को पत्र साथ प्राप्त परीक्षण रिर्पोटमा उपरोक्त माटो Medium to Highly Dispersive भएको भन्ने समेत व्यहोरा उल्लेख भएको देखिन्छ। यसरी सिक्टा सिंचाइ आयोजनाको Contract No SIP/MC/ICB-02 को कार्यक्षेत्र पश्चिम मूल नहरको CH 17+700 to 35+000 km खण्डको माटोको Plasticity Index र CBR Value अत्यन्त न्यून भएको अवस्था उल्लेखित Lab हरुबाट प्राप्त भएको परीक्षण Report हरुले पुष्टि गरेकोमा ठेक्का सम्झौतामा उल्लेखीत Atterberg's limits Test गराएको भए यसवाट liquid limit and plastic limit पत्ता लाग्ने थियो जुन माटको चिसोपनालाइ धान्ने क्षमता(liquid limit), कंक्रिट संरचनालाइ धान्ने क्षमता तथा माटोको कडापना पत्तालगाउन प्रर्याप्त थियो भन्ने स्पष्ट भएको तथा माथि उल्लेखित Atterbergs limit's test नतिजाले नै plastic limit न्युन रहेको देखिनुले त्याहा ठेक्का सम्झौतामा उल्लेखित Concrete Lining धान्ने अवस्थामा थिएन भन्ने देखिएको तथा डिजाइन तथा निर्माणको क्रममा Atterberg's limits Test गरीएको भए उक्त कुरा पत्ता लाग्ने थियो तर आयोजनाका कर्मचारी, निर्माण व्यवसायि तथा परामर्शदाताको मिलेमतोमै भ्रष्टचार गर्ने मनसायका साथ ठेक्का सम्झौतामा उल्लेखीत माटोको Atterberg's limits परीक्षण नगरिएको भन्ने देखिएको अवस्थामा सम्मानित

					अदालतवाट सम्झौतामा उल्लेखीत ५ प्रकारका माटो परीक्षणका बिधिवाट माटोको घुलनसिलता पत्ता लगाउन सकिने अवस्था थिएन भन्ने आधार लिइ भएको फैसला त्रुटिपूर्ण रहेको देखिन्छ । च. मुल नहरको चेनेज ०+००० बाट ३५+००० कि.मी. सम्म मूल नहरको निर्माण कार्य सम्पन्न भैसकेपछि नहर परीक्षणको क्रममा २५ घ.मी. प्रति सेकेण्डको दरले नहरमा पानी पठाउँदा २०७३/०३/१४ गते दिनको करीब १२ बजे SIP/MC/ICB-02 अन्तर्गतको भाग झिंझरी Aquaduct को Downstream (चेनेज २६+३००) साइडको ट्रान्जिसनको दायाँ भाग भत्किन गई क्षति पुग्न गएको भन्ने कुरा नहर भत्किसके पश्चात विभिन्न निकायहरुबाट स्थलगत अध्ययन अवलोकन गरी प्रतिवेदन पेश गर्न गठित विभिन्न समितिहरुले फरक फरक मितिमा पेश गरेको प्रतिवेदनहरुबाट देखिएकोमा यसरी पेश भएका प्रतिवेदनहरु मध्ये सिंचाइ विभागको मिति २०७३/३/१५ को निर्णय बमोजिम सिंचाइ विभागका उपमहानिर्देशक अशोक सिंहको नेतृत्वमा गठित समितिले २०७३/३/२० मा सिंचाइ विभागमा पेस गरेको प्रतिवेदन, सिंचाइ मन्त्रालयको २०७३/३/२० को निर्णय बमोजिम सिंचाइ मन्त्रालयका सहसचिव सागर कुमार राईको नेतृत्वमा गठित समितिले २०७३/४/२६ गते सिंचाइ मन्त्रालयमा पेस गरेको प्रतिवेदन, महालेखा परीक्षकको ५४ औं बार्षिक प्रतिवेदन २०७३ को सार संक्षेप प्रतिको पेज नं. ९८ मा नहरको स्थलगत निरीक्षण गर्दा टर्फिन उप्केको, जोर्नीमा सिल नलागेको, साइड वाल थप जोखिममा परेको, नहरको संरचना चर्केको, ढलान तथा स्ट्रक्चरको अन्य क्षेत्रमा समेत मर्मत गर्नुपर्ने अवस्थामा रहेकोले त्रुटिपूर्ण कार्य गर्नेलाई आवश्यक कारबाही गरी मर्मत तथा पुनः निर्माण गरेर नहर यथाशीघ्र सञ्चालनमा ल्याउनुपर्दछ भन्ने समेत व्यहोराहरु उल्लेख भएको पाइन्छ।यि प्रतिवेदनहरु मिति २०७३/१०/२ सम्म दोश्रो पटक Defect Notification Period थप गरिएको अवधिभित्र नै पेश गरिएपनि यस्ता प्रतिवेदन लगायत आयोगबाट भएका स्थलगत निरिक्षण प्रतिवेदनहरुलाइ बेवास्था गरी Design बमोजिम Full Discharge (पूर्ण क्षमतामा) मा नहरमा पानी छोडी नहर परिक्षण नगरी कार्य स्वीकार गरी आयोजनाबाट Defect Notification Period थप नगरिएको हुँदा आयोजनाका कर्मचारीहरु, परामर्शदाता र निर्माण व्यवसायीको मिलेमतोमै निर्माण व्यवसायीलाइ उन्मुक्ति दिइ भ्रष्टचार गरेका पुष्टि भइरहेकोमा प्रतिवादीहरुलाइ सफाइ दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको छ । छ. नेपाल सरकारले आर्थिक कार्यविधि नियमावली २०५६ को नियम ६२ को अधिनमा रही सार्वजानिक निर्माण कार्य कार्यान्वयनको लागि जनवरी २००२ मा तयार गरेको सार्वजानिक निर्माण निर्देशिका (Public Work Directives) मा उल्लेखित General Procedure Volume को Chapter 7 (Engineering Design) अन्तर्गत 7.2 (Page no. 7-1) Steps in Enginering Design Process मा Steps in the Engineering Design Process अन्तर्गत Preparation of Terms of Reference for Engineering Design, Field Surveys and Investigations, Adoption of Design Criteria and Standards, Preparation of Drawings, Specification and BOQ, Preparation of Engineer's Estimate,

					Preparation of Contract Packages, Development of Procurement Method and Form of Tendering, Preparation of Programme, Preparation of Bidding Documents, and Approvals लगायतका Step हरु उल्लेख भएको हुँदा उक्त Step हरुलाई सार्वजानिक निर्माण कार्य गर्दा अनिवार्य रुपमा अपनाउनु पर्ने देखिन्छ।तर सिक्टा सिंचाइ आयोजनाको निर्माण कार्यमा Preparation of Terms of Reference for Engineering Design, Field Surveys and Investigations, Adoption of Design Criteria and Standards अन्तर्गतका Detail Field Investigation कार्य गरी Detail Project Report तयार गर्ने कार्य भए गरेको अवस्था आयोजना कार्यालयबाट अनुसन्धानको क्रममा झिकाइएको कागजातहरुबाट नदेखिएको हुदा लापरवाइपूर्वक विधि तथा प्रक्रिया समेत पालना नगरी त्रुटिपूर्ण डिजाइन गरेको भन्ने पुष्टि भइरहेकोमा प्रतिवादीहरुलाइ सफाइ दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको छ । ज. जलस्रोत तथा सिंचाइ विभागका उपमहानिर्देशक प्रदिप थापाको संयोजकत्वको प्राविधिक समितिले मिति २०७७।१२।६ मा पेश गरेको प्रतिवेदनमा क्षतिग्रस्त नहर मर्मत पश्चात पूर्ण क्षमतामा सञ्चालनमा रहेको भन्ने उल्लेख भएको देखियो भन्ने आधारमा प्रतिवादीहरुलाइ कसुरवाट सफाइ दिएको आधारलाइ बिश्लेषण गर्दा मिति २०७७।०९।०३ मा जलश्रोत तथा सिंचाई विभागका महानिर्देशकले पेश गरेको प्रतिवेदनको तेस्रो तथा चौथो पृष्ठमा र अनुसूची ३, ४ तथा ५ मा नहरमा आवश्यक संरचनाहरु पुर्ण रुपले सम्पन्न भएका छन । हालसम्म आयोजनाको समग्र प्रगति ६६% रहेको एवं मुल नहरको चेनेज भित्रको केही भागमा निर्माण सम्पन्न भएपछि पहिचान भएको घुलनशील माटोका कारण विशेष परिस्थितिका कारण उत्पन्न भएको समस्या समाधान भई हाल पूर्णरुपमा नहर संचालन रहेको भन्ने समेत व्यहोरा उल्लेख गरेको भएतापनि उक्त नहर मर्मत सम्भार बापत हालसम्म नेपाल सरकारको रु. १,१२,४७,९९०।३२ रकम खर्च भइसकेको देखिन्छ । आयोजना पूर्ण क्षमतासाथ चलेको भन्ने उक्त प्रतिवेदनवाट खुलेको देखिदैन । पूर्ण क्षमतासाथ चल्न आवश्यक ६ वटा शाखा नहरहरु समेत बन्न बाँकी नै रहेको भन्ने उक्त प्रतिवेदनमा उल्लेख भएको देखिन्छ। यसवाट पनि नहर पूर्ण क्षमतामा चल्न आवश्यक पुर्वाधार बन्न बांकी नै रहेकाले नहर पूर्ण क्षमता चलेको भन्ने प्रतिवेदनको व्यहोरा सत्य नरहेको तथा सम्पुर्ण शाखा नहर बनी नसकेकाले पूर्ण क्षमतामा(५० घन मिटर प्रति सेकेन्ड)नहर संचालन हुन प्रबिधिक हिसावले पनि सम्भव छैन भन्ने देखिन्छ । यस्तै मूल नहर तथा प्राकृतिक खोल्सा खोल्सीहरुवाट २०७६ कार्तिक ३० गते देखि करिव १०६०० हेक्टरमा मात्र सिचाइ सुविधा उपलव्ध भइरहेको भन्ने उक्त प्रतिवेदनमा उल्लेख भएको छ जुन कुल लक्ष्य ४२७६६ हेक्टरको २४.८ प्रतिसत मात्र हो तर कति क्षमतामा संचालन गरीएको हो भन्ने उक्त प्रतिवेदनमा खुल्दैन । यसबाट उक्त प्रतिवेदनलाइ आधार लिइ भएको फैसला त्रुटीपूर्ण रहेको प्रतिवादीहरुलाइ सफाइ दिनकै लागि प्रतिवेदनको व्याख्या नै यथार्थता भन्दा बाहिर गइ गरिएको भन्ने कुरा पुष्टि भइरहेको छ । साथै Defect Liability Period भित्रै नहरको सम्पूर्ण रुपमा परीक्षण गरी नहरको Taking over certificate जारी गरिनुपर्ने वा विशेष

					परिस्थितिले DLP भित्रै Testing गर्न नसकिएको भए सोको आधार खुलाई DLP अझ थप गर्न सकिने अवस्थाको विद्यमानता रहँदा रहँदै सो नहरको Full Fledge परीक्षण नै नगरी Taking over certificate जारी गरिएको हुँदा उक्त अवधि पश्चात नहरमा भएको क्षतिलाई नियमित, आवधिक र आपतकालिन मर्मत कामको लागी हालसम्म नेपाल सरकारलाई व्ययभार पर्ने गरी खर्च गरेकोमा प्रतिवादीहरुलाइ सफाइ दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको छ।